ऐरावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

बरौंला, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् र बिक्री कार्यको ठेक्का वन्दोवस्तीको लागि बोलपत्र आव्हानको सूचना

सूचना नं. : १८/०८३/०८४

(प्रथम पटक प्रकाशित मिति :२०८३/०६/२७)

नेपाल सरकारको ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (क), लुम्बिनी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०८३ को दफा ८ र अनुसुची ६, ऐरावती गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन-२०८३ को व्यवस्था र ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८३/०६/०२ गतेको निर्णय बमोजिम आ.व.२०८३/०८४ का लागि यस गाउँपालिका क्षेत्र भित्रका नदी/खोलाहरुका स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् गरी ऐरावती गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी देहाय बमोजिमको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपीहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधीनमा रही सिलवन्दी दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

ठेक्का नं.	दरभाउ पत्रका नाम/विवरण	उत्खनन् परिमाण (घन फिट)	बिक्री शुल्क प्रति घनफिट (मु.अ.कर बाहेक)	न्यूनतम बोलपत्र रकम (अग्रिम आयकर र मू.अ.कर बाहेक)	धरौटी रकम	फाराम शुल्क
01/ARM/NCB/ Goods RBM-2083/084	ऐरावती गाउँपालिका क्षेत्र भित्र पर्ने नदी/खोलाका स्वीकृत घाटहरुबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन्, संकलन र घाटगद्दी तथा बिक्री सम्बन्धी कार्य	४७०१६२/२१	८/००	३७६१२९७/६८	कवोल गरेको अंकमा मू.अ.क. जोडी उक्त रकमको ५ % ले हुन आउने रकम नगदै वा कम्तीमा १२० दिन म्याद भएको बैंक जमानत	३०००

शर्तहरु :

- बोलपत्र फारम खरिद गर्न ईच्छुक फर्म वा कम्पनीले फर्म वा कम्पनी नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०८२/०८३ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र बोलपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि शाखा कार्यालय, ऐरावती मा रहेको यस कार्यालयको राजश्व खाता नं ग १.१-१८२०१४०००००७९ मा जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले २१ औं दिन (**२०८३/०७/१६ गते**) को कार्यालय समयभित्र कार्यालयबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।
- बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको (मु.अ.क.र अग्रीम कर सहित) ५ (पाँच) प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि, ऐरावती शाखामा रहेको धरौटी खाता नं ग ३.१-१८२०१४०००००३१ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।
- खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, फोन नं, मोवाइल नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले २२ औं दिन (**२०८३/०७/१७ गते**) दिनको १२:०० बजे भित्र यस कार्यालयमा Hard Copy दर्ता गर्नु पर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।
- एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रहोबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।
- प्रि विड बैठक यो सूचना प्रकाशित मितिले १५ औं दिन (**२०८३/०७/१० गते**) दिनको २:०० बजे गाउँपालिकाको कार्यालयमा हुनेछ । इच्छुक बोलपत्र दाताहरुले उक्त बैठकमा भाग लिइ यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।
- बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्यादनाघी वा रीत नपुगी पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- बोलपत्र स्वीकृत भएमा सो को सुचना पाएको मितिले ७ दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिइ कबोल अंकको प्रथम किस्ता बापत ६० प्रतिशतले हुने रकम अनिर्वाय बुझाउनु पर्नेछ । दोस्रो किस्ता बाफत ४० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८४ साल असार मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (Performance Bond) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । दोश्रो किस्ता बापतको रकम २०८४/०२/२० गते भित्र यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार गाउँपालिका/नेपाल सरकारलाई आयकर तथा अन्यकर बोलपत्रदाताले छुटै बुझाउनु पर्नेछ ।
- तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस गाउँपालिकाका नदी तथा खोलाहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाण सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार र ऐरावती गाउँपालिकाबाट जारी भएका कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।
- अन्य थप जानकारीको लागि ऐरावती गाउँपालिकाको सम्पर्क नं **९८५१०६६८५० मा सम्पर्क गर्न अथवा वेब साइट** www.airawatimun.gov.np मा हेर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत